उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

गुल्मी,नेपाल

## कोशेली घर सञ्चालन सहयोगको लागि आवेदन/प्रस्ताव आह्वान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८।१०।०३**

यस कार्यालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय उत्पादनको स्थानीयस्तरमै बजारीकरण गर्ने उद्देश्यले देहाय बमोजिमको शर्तको अधिनमा रही जिल्लामा सञ्चालनमा रहेका कोशेली घरलाइ घर भाडा तथा फर्निचर खरिदको लागि अनुदान कार्यक्रम रहेकोले कुनै सरकारी निकायमा दर्ता भएका इच्छुक घरेलु व्यवसायी/कृषक समुह/सहकारी/निजी फर्महरुले तपशिलमा उल्लेखित कागजात संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा आवेदन/प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रमको नामः** स्थानीय उत्पादनमा आधारित कोशेली घर सञ्चालनमा सहयोग

**स्वीकृत बार्षिक बजेट** ६ लाख

**संलग्न हुनु पर्ने आवश्यक कागजात**

- व्यवसायीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- व्यवसाय दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्वर दर्ता र आ.व. ०७७/०७८ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- सम्बन्धि वडा कार्यालयको सिफारिस
- समुह/सहकारी/साझेदारी फर्मको हकमा समुहको निर्णय प्रतिलिपि

**शर्तहरु**

- कार्यालयमा पेश हुने आवेदन/प्रस्तावहरुको मूल्यांकन तथा छनौट कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को मापदण्ड बमोजिम हुनेछ ।
- कोशेली घरमा स्वदेशी पर्यटकीय वस्तु तथा स्थानीय कृषक तथा उद्यमीले उत्पादन गरेका बस्तु बिक्रि वितरण गर्नुपर्नेछ ।

रित पूर्वक नभएका र म्याद नाघी पेश भएका निवेदन उपर कारवाही हुनेछैन ।
अन्य थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नम्वर ०७९-५२०११२ मा सम्पर्क गरी थप जानकारी प्राप्त गर्न सकिनेछ ।

लक्ष्मण घिमिरे
उद्योग अधिकृत
(अधिकृत सातौं)